मुगुम कार्मारोङ गाउँपालिकाद्वारा प्रकाशित

# मुगुम कार्मारोङ राजपत्र

**खण्ड : ४, संख्या : १, मिति : २०७७/११/९**

**भाग – १**

## जल उपयोग ऐन २०७७

**गाउँकार्यपालिकाबाट पारित मिति : २०७७/११/९**
**प्रमाणिकरण मिति : २०७७/११/१०**

**प्रस्तावना :**
मुगुम कार्मारोङ गाउँपालिका भित्रको भु सतहमा वा भुमिगत वा अन्य कुनै अन्य अवस्थामा रहेको जलश्रोतको समुचित उपयोग संरक्षण व्यवस्थापन र विकास गर्न एवं जलश्रोतको लाभदायक उपयोग गर्ने सन्दर्भमा कानुनी व्यवश्था गर्न वान्छनिय भएकोले सातौ गाउँसभाले नेपालको संविधान २०७२ को अनुसुचि ८ मा उल्लेख भएको अधिकार प्रयोग गरी यो ऐन स्वीकृत गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस ऐनको नाम : मुगुम कार्मारोङ गाउँपालिकाको जल उपयोग ऐन २०७७ रहेको छ । २ यो ऐन गाउँपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशित गरी तोकी दिएको मिति देखि प्रारम्भ हुने छ ।

२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क) जलश्रोत भन्नाले : मुगुम कार्मारोङ गाउँपालिका भित्रको भु सतहमा वा भुमिगत वा अन्य जुनसुकै अवश्थाम रहेको पानी सम्झनु पर्छ ।

ख) लाभदायक उपयोग भन्नाले : उपलव्ध साधन र स्रोतले सम्भव भए सम्म उचित रुपले गरिएको जलश्रोतको उपयोग सम्झनु पर्छ ।

ग) अनुमती प्राप्त व्यक्ति भन्नाले : जलश्रोतको उपयोग गर्ने दफा ८ वमोजिम अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ ।

घ) उपभोक्ता संस्था : भन्नाले दफा ५ वमोजिम गठित जल उपभोक्ता संस्था सम्झनु पर्छ ।

ङ) तोकिएको वा तोकिए बमोजिम भन्नाले : यस ऐन  अन्त्रगत वनेको नियममा तोकिएको वा तोके बमोजिम सम्झनु पर्छ ।

**३. जलश्रोत उपयोग :**

१) यस ऐन बमोजिम अनुमती पत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन । २ उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएपनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति पत्र लिनु पर्ने छैन ।

क) व्यक्तिगत वा सामुहिक रुपमा आफनो निमित खानेपानी र अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न

ख) व्यक्तिगत वा सामुहिक रुपमा आफनो जग्गाको सिचाई गर्न ।

ग) घरेलु उधोगको रुपमा पानी घट्ट वा पानीचक्की चलाउन ।

घ) व्यक्तिगत रुपमा स्थानीय आवागमन को लागि ढुङगा प्रयोग गर्न

ङ) जग्गा दानले आफनो जग्गा भित्र मात्र सिमित रहेको जलश्रोत तोकिए वमोजिम उपयोग गर्न

२) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संगठीत संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नु पर्ने छ ।

**३. जलउपभोक्ता संस्थाको गठन :**

१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले तोकिए बमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्ने छन ।

२) उपदफा १ बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम दर्ता गराउनु पर्नेछ ।

**४. उपभोक्ता संस्था संगठित संस्था हुने :**

१) उपभोक्ता संस्था अविछिन्न उतराधिकारवाला स्वशासित र संगठित संस्था हुने छ ।

२) उपभोक्ता संस्थाको सवै काम कारवाहीको निमित आफनो छुट्टै छाप हुने छ ।

३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न उपभोग गर्न वेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्ने छ ।

४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामवाट नालिस उजुर लाग्न सक्ने छ ।

**५. जलस्रोत उपयोगको प्राथमिकता क्रम :**

१) जलस्रोतको उपयोग गर्दा साधारण तया देहायको प्राथिकता क्रम अनुसार गर्नुपर्ने छ ।

क) खानेपानी र घरेलु उपयोग

ख) सिचाई

ग) पशुपालन तथा मत्स्यपालन जस्त कृषिजन्य उपयोग

घ) जलविधुत

ङ) घरेलु उधोग

च) अन्य उपयोग

२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा तोकिएको समितिले उपदफा १ को प्राथमिकता क्रम बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचवुझ समेत गरी सो को आधारमा सम्वन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने तोकिएको समितिले निर्धारण गरेको विषय सम्वन्धित सवैलाई मान्य हुने छ ।

**६. अनुमतीपत्रको व्यवस्था :**

१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले तोकिए बमोजिमका विवरणहरु खुलाई तोकिएको अधिकारी समक्ष अनुमती पत्रको लागि दरखास्त दिनु पर्ने छ ।

२) उपदफा १ बमोजिम परेको दरखास्त मा तोकिएको अधिकारीले आवश्यक जाँचवुझ गरी गराई दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षण को अनुमती पत्रको हकमा १५ दिन भित्र र जलस्रोत उपयोगको अनुमतीपत्रको हकमा ३० दिन भित्र तोकिएको ढाँचामा अनुमती पत्र दिनु पर्ने छ ।

३) यो ऐन प्रारम्भ हुनु भन्दा अगावै देखि जलस्रोतको उपयोग गरी रहेको व्यक्ति वा संगठित संस्थाले पनि तोकिएको विवरण सहित यो प्रारम्भ भएको मितिले १ वर्ष भित्र गाउँपालिका समक्ष अनुमती पत्रको लागि दरखास्त दिनु पर्ने छ ।

४) उपदफा ३ बमोजिम परेको दरखास्तमा तोकिएको आधिकारीक वा निकायले आवश्यक जाँचवुझ गरी दरखास्त परेको मितिले १५ दिन भित्र तोकिए बमोजिमको ढाँचामा अनुमती पत्र दिनु पर्ने छ ।

५) अनुमती पत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत गाउँपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क वुझाउनु पर्ने छ ।

**७. जलविधुतको लागि जलस्रोतको उपयोग :**

१) दफा ७ मा जुनसुकै कुरा लेखिएको भएता पनि जलविद्युतको उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमती पत्रको सम्वन्धमा प्रचलित कानुन वमोजिम हुने छ ।

२) गाउँपालिका क्षेत्र भित्र १ ०० किलो वाट क्षमता सम्मको लघु जलविधुत आयोजनाको सर्वेक्षण तथा अनुमतीपत्र सम्वन्धि कार्य वाहेक अन्य जलविधुत सम्वन्धि कार्य प्रचलित कानुन अनुसार हुनेछ ।

**८. गाउँपालिकाले जलस्रोतको उपयोग तथा विकास गर्न सक्ने :**

१) गाउँपालिका आफैले कुनै जलस्रोतको उपयोग र विकास गर्नमा यस ऐनको कुनै कुराले वाधा पुर्याएको मानिने छैन ।

२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सो संग सम्वन्धित जग्गा भवन उपकरण तथा संरचना मा व्यापक सार्वजनिक उपयोगको लागि गाउँपालिकाले आफुले लिई विकास गर्न सक्ने छ ।

३) उपदफा २ बमोजिम आफुले लिएको जलस्रोतको उपयोग सित सम्वन्धित जग्गा भवन उपकरण निशुल्क प्राप्त गर्ने छ

**९. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने :**

१) गाउँपालिकाले दफा ९ को उपदफा १ वा २ बमोजिम विकास गरेको कुनै जलस्रोत सम्वन्धि परियोजनाको निर्माण समाप्त भईसके पछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरु तोकि हस्तान्तरण गर्न सक्ने छ ।

२) उपदफा १ बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्वन्धित उपभोक्ता संस्थाको हुने छ । र यस ऐनको अधिनमा रही आफुले अनुमतीपत्र प्राप्त गरे सरह सो परि योजनाको संचालन सम्वन्धित उपभोक्ता संस्थाले गर्ने छ ।

**१०.सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने :**

१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन र त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्ने छ ।

२) गाउँपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापत को सेवा शुल्क तोकिए बमोजिम निर्धारण गरी असुल उपर गर्न सक्ने छ ।

**११. सेवा रोक्का गर्न सक्ने छ :** सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा वन्द गर्न सक्नेछ ।

**१२. अनुमतीपत्र खारेज गर्न सकिने :**

१) अनुमतीपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्त्रगत वनेको नियम विपरित कुनै काम गरेम तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

२) उपदफा १ बमोजिम तोकिएको अवधिभित्र अनुमती पत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमती पत्र खारेज गर्न सक्ने छ ।

३) उपदफा २ बमोजिम अनुमती पत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्वन्धित अनुमतीपत्र प्राप्त व्यक्तिलाई सफाई पेश गर्ने मनासिव मौका दिने छ ।

**१३. दण्ड सजाय :**

१) कसैले यो ऐन वा यस ऐन अन्त्रगत बनेका नियम उल्लघन गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार पाँच सय सम्म जरिवाना गर्न सक्ने छ त्यस्तो कसुरवाट कसैको हानीनोक्सानी भएको रहेछ भने निजवाट त्यस्तो हानीनोक्सानी वापतको क्षतिपुर्ति समेत भराई दिन सक्नेछ ।

२) कसैले यस ऐन बमोजिम अनुमतीपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतीपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार पाँच सय जरिवाना गरी त्यस्तो कार्य बन्द गराउन सक्ने छ ।

३) कसैले बदनियतका साथ कुनै खानेपानीको मुहान बाँध नहर वा जलस्रोतको उपयोगसित सम्वन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पर्ने अन्य कुनै संरचना भत्काएमा विगारेमा वा कुनै किसिमले हानीनोक्सानी पुर्याएमा निजवाट हानी नोक्सानीको विगो असुल गरी विगो अनुसारको जरिवाना गरिने छ ।

**१४. नियम वनाउने अधिकार :**

१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले कार्यविधि वनाउन सक्नेछ ।

**आज्ञाले**
**तीर्थवहादुर कठायत**
**प्रमुख प्रशासकिय अधिकृत**